आज मिति २०७९ वैशाख १४ गते बुधवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको ८७ औं वैठक नगर उप-प्रमुख श्री मनराज भण्डारीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

१. नगर उप-प्रमुख श्री मनराज भण्डारी

२. प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रप्रसाद पौडेल (सचिव)

३. वडा अध्यक्ष श्री होमनाथ रिजाल

४.वडा अध्यक्ष श्री शिवराज गिरी

५. वडा अध्यक्ष श्री उद्धव प्रसाद रिजाल

६. वडा अध्यक्ष श्री भोज वहादुर रेग्मी

७. वडा अध्यक्ष श्री विजयराज इटनी

८. वडा अध्यक्ष श्री तिलक बहादुर थापामगर

९. वडा अध्यक्ष श्री होम वहादुर गुरुङ

१०. कार्यपालिका सदस्य श्री कमला श्रेष्ठ

११. कार्यपालिका सदस्य श्री कल्पना रिजाल (रेग्मी)

१२. कार्यपालिका सदस्य श्री सिताराम कुमाल

**अन्य आमन्त्रित उपस्थिति**

१. श्री लोकनाथ उपाध्याय - प्रशासन शाखा

२. श्री सरोज तिवारी - स्वकीय सचिव

३. श्री सुरज जोशी - सु.प्र.शाखा

## वैठकका एजेण्डाहरु तथा छलफलका विषयहरु

१. कार्यवहाक अध्यक्ष सम्वन्धमा ।

### निर्णय

१. नेपाल सरकारले मिति २०७९ साल वैशाख ३० गतेको दिन सवै स्थानीय तहहरुको निर्वाचन तोकी निर्वाचन हुने चरणमा रहेकोछ । यस सम्वन्धमा स्थानीय तहका जनप्रतिनिधिहरुले राजीनामा दिई पद रिक्त रहेका अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ को उपदफा (१) मा वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वडा समितिका सदस्यहरुले आफूहरुमध्येवाट छनौट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ भन्ने प्रावधान रहेकाले सोही वमोजिम गर्ने व्यवस्था मिलाउने । साथै सवै जनप्रनिनिधिहरुले राजीनामा गरेको खण्डमा ऐ.ऐ. ऐनको दफा ११६ को उपदफा (२) मा उल्लेखित व्यवस्था अनुरुप सम्वन्धित वडाको वडा सचिवलाई नै नयाँ जनप्रतिनिधि निर्वाचित भई नआएसम्मको लागि कार्यवहाक वडा अध्यक्षको समेत कामकाज गर्ने गरी जिम्मेवारी दिने ।

मैत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत